# आदिवासीहरुको सवालमा नेपालका सम्बन्धमा नश्लीय विभेद उन्मूलनसम्बन्धी समितिको समापन/निष्कर्ष अवलोकन

# Concluding Observations of the Committee on the Elimination of Racial Discrimination to Nepal on Indigenous People's Issues

## ICERD भनेको के हो?

**सबै प्रकारका नश्लीय विभेदको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention on the Elimination of Racial Discrimination - ICERD)**

संयुक्त राष्ट्र सङ्घको महासभाले सन् १९६५ मा ग्रहण गरेको अन्तर्राष्ट्रिय महासन्धि हो । सन् २०१८ जुलाईसम्ममा यस महासन्धिको ४ राष्ट्र हस्ताक्षरकर्ता तथा १७९ पक्षराष्ट्रको रूपमा रहेका छन् ।

ICERD ले नश्ल, रङ्ग, बंशज, उत्पति, वा राष्ट्रिय वा जातीय उत्पती आदि लगायतका कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव विना नागरिक, राजनैतिक, आर्थिक, साँस्कृतिक तथा सामाजिक लगायत सार्वजानिक जिवनमा समान हैसियतको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रता उपभोग गर्न पाउने सबै मानिसका अधिकारहरूलाई समेट्छ ।

### ICERD मा नेपालले कहिले सहमति जनाएको थियो र ICERD अन्तर्गत राज्यका दायित्वहरू के के हुन् ?

नेपाल सन् १९७१ जनवरी ३० (१७ माघ २०२७) मा ICERD को पक्षराष्ट्र बनेको थियो । पक्षराष्ट्रका रूपमा नश्लीय विभेदको निन्दा गर्ने र सबैप्रकारका नश्लीय विभेदको उन्मूलन गर्ने प्रतिबद्धता जनाउने दायित्व नेपालको रहन्छ । नश्ल, रङ्ग, सामाजिक, साँस्कृतिक वा राष्ट्रिय वा जातीय उत्पत्ति आदिको भिन्नताको आधारमा विना भेदभाव, कानूनमा समान हैसियतका साथ, प्रत्येक व्यक्तिको अधिकारको प्रत्याभूति गर्ने दायित्व नेपालको रहन्छ ।

यसको लागि सरकारले प्रत्यक्ष वा अप्रत्यक्ष नश्लीय विभेद गर्ने कार्यको विरोध, कानून वा नीति विद्यमान भएमा खारेजी र कसै (व्यक्ति वा संस्था) ले नश्लीय विभेद गरेमा सजाय गर्नुपर्दछ ।

### नेपाल कानूनमा महासन्धिको हैसियत के छ ?

नश्लीय विभेद गम्भीर अपराध हो । नेपालको संविधान, २०७२ तथा नेपाल सन्धि ऐन, २०४७ अनुसार महासन्धिका प्रत्येक प्रावधान नेपाल कानून सरह लागू हुन्छन् । नेपाल कानूनका प्रावधान महासन्धिसंग बाझिएमा महासन्धिको प्रावधान नै लागू हुन्छ भनी ऐन भन्दा माथिको हैसियतमा महासन्धिलाई राखिएको छ । सरकारले यसलाई कार्यान्वयन गर्न संविधानले निर्देश गरेको छ ।

### ICERD समिति भनेको के हो?

ICERD महासन्धिको कार्यान्वयनलाई नश्लीय विभेद उन्मूलनसम्बन्धी समिति (Committee on the Elimination of Racial Discrimination- CERD) ले अनुगमन गर्दछ । यो समिति पक्षराष्ट्रहरूले गोप्य मतदानद्वारा निर्वाचित १८ स्वतन्त्र मानव अधिकार विज्ञहरू सम्मिलित निकाय हो । समितिले पक्षराष्ट्रहरूको प्रतिवेदनहरू आवधिक रूपमा ग्रहण गर्दछ र यसको जाँच गर्ने तथा आफ्नो सरोकार र सिफारिसहरू पक्षराष्ट्रहरूलाई समापन/निष्कर्ष अवलोकनका रूपमा प्रदान गर्ने कार्य गर्दछ । महासन्धिको कुनै प्रावधान उल्लंघन गरी नश्लीय विभेद सृजना गर्ने अवस्थाको विरुद्ध उजूरी परेमा समितिले पक्षराष्ट्रलाई त्यसो नगर्न नगराउन अग्रिम चेतावनी पठाउन सक्छ ।

संविधान निर्माण प्रक्रियामा नेपालका आदिवासीहरुको अर्थपूर्ण सहभागिता नरही आफ्ना सवाल, सरोकार एजेण्डालाई प्रक्रियाबद्ध तरिकाले उठान गर्ने अवस्था सृजना नगरिएको हुनाले CERD ले नेपाल सरकारलाई अग्रिम चेतावनी (Early Warning) पठाएको थियो । त्यससमेतलाई ध्यानमा राखी श्री सर्वोच्च अदालतले लाहुर्निप बि. प्रधान मन्त्रीसमेतको मुद्दामा ICERD महान्धि र आइ. एल. ओ. महासन्धि नं. १६९ को आधारमा संविधान निर्माणमा राजनीतिक पार्टीले नभई आदिवासीहरु स्वयंले चयन गरेका प्रतिनिधिहरुमार्फत सहभागिता सुनिश्चित गर्न निर्देशनात्मक आदेश जारी भएको थियो ।

### नेपालले अन्तिम पटक कहिले CERD समितिबाट समापन/निष्कर्ष अवलोकन प्राप्त गरेको थियो ?

CERD समितिले ३० अप्रिलदेखि १ मे २०१८ सम्म जेनेभामा सम्पन्न वैठकमा नेपालको सत्रौदेखि तेइसौं संयुक्त आवधिक प्रतिवेदनहरू

प्राप्त गरेको थियो । समितिले ११ मे २०१८ मा नेपालको प्रतिवेदनको समापन/निष्कर्ष अवलोकन प्रदान गर्‍यो जसमा समितिले नेपाल सरकारलाइ सिफारिसहरु समेत दिएको छ । समितिले प्रदान गरेका सिफारिसहरूको पालना गर्नु पक्षराष्ट्र नेपालको नैतिक दायित्व हुन्छ ।

## आदिवासीहरूको सवालमा CERD समितिले नेपालका सम्बन्धमा उठाएका सरोकारहरू के के हुन् ?

सन् २०१८ मा नेपालको आवधिक प्रतिवेदनको सम्बन्धमा समितिले नेपाल सरकारको आवधिक प्रतिवेदनको समिक्षा तथा गैससहरूको छायाँ प्रतिवेदनहरूको आधारमा आफ्नो समापन/निष्कर्ष अवलोकनमा निम्नलिखित सरोकारहरू उठाएको छ :

- आदिवासी प्रतिनिधिहरूको छनौट स्वतन्त्र रूपमा नभएको कारण सन् २०१५ को संविधानको मसौदा गर्ने कार्यमा आदिवासीहरू पर्याप्त र अर्थपूर्ण रूपमा सहभागी हुन सकेन । ति प्रतिनिधिहरु राजनैतिक दलहरूद्वारा छनौट भएका थिए ।
- राष्ट्रिय कानूनले नेपालका ८१ मध्ये ५९ आदिवासीहरूलाई मात्र मान्यता दिएको छ ।
- परम्परागत भूमि तथा स्रोतहरूको स्वामित्व, प्रयोग र विकास गर्ने सम्बन्धी आदिवासीहरूको अधिकारलाई प्रत्याभूत गर्ने कानूनको अभाव छ र जलविद्युत, सडक विस्तार तथा अन्य विकास क्रियाकलापहरूको सन्दर्भमा यी अधिकारहरूको हनन् भएको र यस्ले प्रायशः (आदिवासीहरू) वाध्यात्मक विस्थापन हुनु परेको आरोपहरू छन् ।
- थारू समुदायका सदस्यहरूलगायत आदिवासी अगुवाहरूमाथि राज्यका निकायहरूद्वारा क्रुर व्यवहार/प्रताडना (Harassment) गरिएका छन् ।
- गौहत्यालाई अपराधीकरण गरिएको छ, यसले साँस्कृतिक उपादेयता/महत्वका कारण गाईको मासु खाने आदिवासीहरूको अधिकारलाई कुण्ठित गरेको छ ।
- उच्चमाध्यमिक शिक्षा तथा अध्यापन कार्यमा आदिवासी तथा दलितहरू, विशेषगरी महिलाको न्यून प्रतिनिधित्व रहेको पक्षलाई राज्यको तथ्याङ्कले उजागर गरेको छ ।

## आदिवासीहरूको सवालमा CERD समितिले नेपालका सम्बन्धमा पेश गरेका सिफारिसहरू के के हुन् ?

सन् २०१८ मा नेपालको प्रतिवेदनमाथिको समापन/निष्कर्ष अवलोकनमा CERD समितिले पक्षराष्ट्र नेपाललाई निम्नलिखित सिफारिसहरू प्रस्तुत गरेको छ :

क) नेपालका सबै आदिवासीहरूलाई औपचारिक रूपमा राष्ट्रिय कानूनले मान्यता दिएको सुनिश्चित गर्नु ;

ख) संविधानको धारा ४२ अन्तर्गत सरकारी अङ्गहरूमा सहभागी हुन पाउने आदिवासीहरूको अधिकारको प्रभावकारी रूपमा सम्मान गरिएको तथा आदिवासीहरूले उनीहरूका प्रतिनिधिहरू स्वतन्त्र रूपमा छनौट गर्न सक्ने व्यवस्था सुनिश्चित गर्नु ;

ग) परम्परागत भूमि तथा प्राकृतिक स्रोतहरू माथि आदिवासीहरूको अधिकारसम्बन्धी विवाद निरुपण गर्न, आइ.एल.ओ. महासन्धि नं १६९ समेतलाई ध्यानमा राखी यस सम्बन्धी कानूनको पुनरावलोकन गर्ने लगायतका विषयमा यथोचित वार्ता (नेगोसिएसन) बाट समाधान खोज्नु ;

घ) आदिवासीहरूको परम्परागत भूमि तथा स्रोतहरूको प्रयोग र विकासमा असर पार्ने कुनैपनि परियोजनालाई स्वीकृति दिनुपूर्व आदिवासीहरूको स्वतन्त्र, अग्रिम तथा सूसुचित मञ्जुरी प्राप्त गर्नु ;

ङ) विस्थापनको कार्य अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम भएको प्रत्याभूत गर्न कानूनी लगायत अन्य सबै आवश्यक उपायहरू अपनाउनु र विस्थापनबाट प्रभावितहरूलाई उपचार तथा पर्याप्त वैकल्पिक आवासको व्यवस्था गर्नु ;

च) सरकारी निकाय र/वा निजी व्यक्तिहरूको धम्की, प्रताडना, र अन्य स्वेच्छाचारी तथा हिंसात्मक कार्यहरूबाट प्रभावित भएका/हुने आदिवासीहरूको सुरक्षा सुनिश्चित गर्नु; यस्ता कार्यलाई रोक्न तथा अनुसन्धान गर्न र पीडकहरूलाई सजाय गर्न आवश्यक उपायहरू अपनाउनु ;

छ) आदिवासी/जनजातिहरूले आफ्ना साँस्कृतिक तथा धार्मिक कार्यहरूको स्वतन्त्र अभ्यास गर्न पाउनका लागि आदिवासी/जनजातिहरूको अधिकारलाई अपराधिकरण गर्ने कानून खारेज गर्नु ;

ज) सबै तहको शिक्षा तथा अध्यापन कार्यमा आदिवासी, दलित तथा न्यून प्रतिनिधित्व भएका जातिका सम्पूर्ण बालबालिकाहरू, विशेषगरी महिलाहरूको समावेशीता हासिल गर्न मानवीय, प्राविधिक तथा वित्तीय स्रोतहरू प्रदान गर्नुका साथै विशेष उपायहरूलाई सुदृढ गर्नु ; र

झ) साक्षरता दर सुधार्न र विद्यार्थी तथा शिक्षकहरूबाट हुने जातीय विभेद विरुद्ध लड्न, विशेषगरी आदिवासी, दलित र अन्य सीमान्तकृत जाति वा प्रजातीय समूहहरू बसोबास गर्ने क्षेत्रमा, स्रोतको वृद्धि गर्दै विद्यालयहरूमा लक्षित कार्यक्रमहरू कार्यान्वयन गर्नु ।

**थप जानकारीको लागिः**
**नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)**
अनामनगर, काठमाडौं, नेपाल
०१-४२६८५१०
lahurnip.nepal@gmail.com
www.lahurnip.org